# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रेडक्रससग्राम, चितवन
बागमती प्रदेश, नेपाल

सुचना प्रकाशित मिति २०७७/०७/२४

**विषयः-सिविआर कार्यक्रम संचालनको लागी प्रस्तावना आब्हान सम्बन्धी सुचना।।।**

यस कालिका नगरपालिका भित्रका अपाङ्ता भएका व्यक्तीहरुका लागी समुदायमा आधारित पुनर्स्थापना (सि.वि.आर.) सहयोग कार्यक्रम समन्वय तथा अनुगमन समितिको मिति २०७७/०७/२३ मा बसेको बैठकको निर्णय अनुसार कालिका नगरपालिका स्तरीय वा चितवन जिल्लाभर कार्यक्षेत्र रहेका अपाङ्ता भएका व्यक्तीहरुको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरुबाट कार्यक्रम संचालनको लागी सुचना प्रकासित भएको मितिले १५ दिन भित्र तपसिलमा उल्लेखित कागजातहरु सहित प्रस्तावना पेश गर्नको लागी सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ।

कार्यक्रम संचालन गर्ने संस्थाले संम्पादन गर्नुपर्ने कार्यहरुः

क) अपाङ्ता भएका व्यक्तीहरुलाइ विद्यमान कानुनमा व्यवस्था भएका विभिन्न सेवा,सुविधा, अवसर बारे जानकारी दिने, परामर्श दिने र सेवा एवम् अवसर प्राप्त गर्न मद्दत गर्ने ।

ख) वडा वडाबाट विभिन्न क्षमताका अपाङ्ता भएका व्यक्तिहरुको लगत संकलन गरी वडा स्तरीय समिति गठन र नगर स्तरीय समिति गठन गर्ने ।

ग) अपाङ्ता भएका व्यक्ती, परिवार, स्थानिय निकायका पदाधिकारीहरुका लागी सचेतना सम्बन्धी तालिम कार्यक्रम गोष्टि सभा अन्तरक्रिया संचालन गर्ने गराउने ।

घ) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाइ विभिन्न समान अवसरका सेवा (शिक्षा, स्वास्थ्य,तालिम,सिप,नेतृत्वविकास, सहायक सामाग्री आदी उपलब्ध गराउने ।

संस्थाहरुले पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

१. कार्यक्रम संचालनको प्रस्तावना ।

२. संस्था दर्ता नविकरण, विधान, प्रशासनिक र आर्थिक नियमावलीको फोटोकपी ।

३. समाजकल्याण परिषदको आवद्धता प्रमाण पत्र ।

४. गत वर्षको वार्षिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन।

५. संस्थाको भौतिक पुर्वाधारको अवस्था दर्साउने कागजात ।

गोपाल प्रसाद बगाले
प्रमुख प्रशासकिय अधिकृत